१६औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ५८ ॥ २०८० चैत्र २१ गते बुधबार (3rd Apr 2024 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

## बिर्तामोडका सौर्यबत्ती हटाइँदै

# सरकार र उपभोक्ताको करोडौं रकम गयो खेर

झापा(प्रस)। संघीय सरकार,बिर्तामोड नगरपालिका र उपभोक्ताको करोडौं रकम खर्च गरेर जडान गरिएको सौर्यबत्ती काम नलाग्ने भएपछि त्यसलाई हटाइने भएको छ ।

सौर्यबत्तीको ठाउँमा मासलाइट जडान गर्ने पहल थालिएको हो । उज्यालो नगर बनाउन बिर्तामोडका धेरै क्षेत्रमा २०७३ सालमा सौर्यबत्ती जडान गरिएको थियो । पाँच वर्ष वारेन्टी दिएर जडान गरिएको सौर्यबत्ती दुई वर्ष नबित्दै बिग्रियो । बिर्तामोडमा जडान गरिएका अधिकांश बत्ती काम नलाग्ने गरी बिग्रिएको बर्षौं भइसक्यो । सडकको छेउमा पोलमाथि सोलार बत्ती ठडिएको देखिएपनि ती बिनाकामका हुन् ।

त्यसबेला उज्यालो नगर बनाउन बिर्तामोडसंगै झापाका सात नगरपालिकामा सौर्यबत्ती जडान गरिएको थियो। बिर्तामोडमा सौर्यबत्ती जडान गर्नकै लागि सरकारले चार करोड ६० लाख बजेट दिएको थियो। नगरपालिकाका अनुसार एउटा बत्ती जडान गर्न एक लाख १२ हजारसम्म खर्च भएको छ। तर, पाँच वर्ष वारेन्टी भनिएको बत्ती दुई वर्ष नपुग्दै बल्न छाडेको हो। सोलार प्यानलको २५ वर्षको र ब्याट्री, चार्ज कन्ट्रोलर र लाइटको पाँच वर्षको वारेन्टी दिइएको थियो । सौर्यबत्तीमा खर्च भएकोमध्ये सरकारको ६५, बिर्तामोड नगरपालिकाको १५ र स्थानीयको २० प्रतिशत लागत छ। बिर्तामोड क्षेत्रमा २२ वटा समिति गठन गरेर बत्ती जडान गरिएको थियो। बत्ती जडान गर्न उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य उमेश डालमियाको संयोजकत्वमा मूल समिति गठन गरिएको थियो।



बिर्तामोडमा जडान गरिएका सौर्यबत्तीमध्ये १३३ वटा बल्ने गरेपनि २१४ वटा बल्दैनन् । चारपाने पश्चिम पाँचवटा बल्ने १५ वटा नबल्ने , राजमार्ग पश्चिम १७ वटा बल्ने २४ वटा नबल्ने ,बेलडाँगी रोड ४ वटा बल्ने २० वटा नबल्ने ,सहारा नेपाल रोड एउटा बल्ने १२ वटा नबल्ने ,मोहनमाया मावि अगाडि दुईवटा बल्ने ८ वटा नबल्ने ,अतिथि सदन क्षेत्र ६ वटा बल्ने ९ वटा नबल्ने ,कृष्ण हल क्षेत्र ८ वटा बल्ने ,पूर्व क्षेत्र ३३ वटा बल्ने २५ वटा नबल्ने ,कृषि थोक क्षेत्र ११ वटा बल्ने १६ वटा नबल्ने,बोलबम मण्डी १३ वटा बल्ने २२ वटा नबल्ने ,पुरानो भद्रपुर रोड ५ वटा बल्ने १९ वटा नबल्ने, भद्रपुर रोड ५ वटा बल्ने १९ वटा नबल्ने , सैनिकमोड क्षेत्र ३ वटा बल्ने ८ वटा नबल्ने अबस्थामा पुगेका छन् ।

बिर्तामोड नगरपालिकाले बिग्रिएका सौर्यबत्ती मर्मत गर्ने कार्य नगरेको होइन । तर, मर्मत गरेको भोलिपल्ट नै बल्न छोडेपछि सौर्यबत्तीलाई त्यत्तिकै छोडिएको हो ।‘ बनाएको भोलिपल्ट नै बत्ती बिग्रिन्छ ’ नगरपालिकाका अधिकृत मेघराज बास्तोलाले भने,‘त्यसकारण मर्मत नगरी छोडिएको हो ।’ पूर्वपश्चिम राजमार्गमा परेका सौर्यबत्ती एशियन हाइवे निर्माणका क्रममा हटाइने भएको छ भने अन्य क्षेत्रमा बिग्रिएका सोलार बत्तीलाई प्रतिष्ठापन गर्ने तयारी हुँदैछ । पछिल्लो समय प्रभावकारी देखिएको मासलाइटलाई सौर्यबत्तीको ठाउँमा जडान गर्ने पहल भइरहेको बिर्तामोड उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष राजु न्यौपानेले बताए । उनले बिजुलीबाट मासलाइट बाल्दा महशुल कसरी तिर्ने भन्ने विषयमा स्रोतको खोजी भइरहेको जानकारी दिए ।सौर्यबत्ती काम नलाग्ने भएपछि बिर्तामोडका केही ठाउँमा मासलाइट जडान गरिसकिएको छ । मुक्तिचौकमा एक्सेल डेभलपमेन्ट बैंकको सहयोगमा मासलाइट जडान गरिएको छ भने बिर्तामोडको बसपार्कमा बसपार्क समितिको पहलमा दुईवटा मासलाइट जोडिएको छ । त्यस्तै बिर्तामोड ३ नं वडा कार्यालयको सहयोगमा बिर्ताबजार र सैनिकमोडमा गरी दुईवटा मासलाइट जडान गरिएको छ ।बत्तीको अभावमा समसाँझै बिर्तामोडका पसलहरु बन्द हुने गरेका छन् । वाणिज्य संघले रात्रिकालीन बजारको एजेन्डा उठाएपनि बत्तीको व्यवस्था नभएसम्म त्यो संभव देखिएको छैन ।

सोलार जडान शीर्षकमा मेचीनगर नगरपालिकाले चार करोड, अर्जुनधाराले १७ लाख, कनकाईले ५४ लाख, शिवसताक्षीले १० लाख, दमकले तीन करोड ५० लाख र गौरादहले १६ लाख सरकारी बजेट प्राप्त गरेका थिए। भद्रपुर नगरपालिकालाई त बजेट भाषणमार्फत ५० करोड विनियोजन भएको थियो। ती नगरपालिकामा पनि बत्ती जडान भएको छ तर धेरै ठाउँमा नबल्ने समस्या छ। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सबै नगरपालिकालाई जनसहभागितामा आधारित सौर्य सडक बत्ती जडानका लागि १३ करोड प्रदान गरेसँगै झापामा जडान गरिएको थियो।२०७२ माघ १७ गते स्थानीय विकास मन्त्रालयले ‘ जनसहभागितामा आधारित सौर्य सडक बत्ती’ योजना सार्वजनिक गरेको थियो ।

# बंगलादेशसँगको व्यापार घाटा ९४ प्रतिशत

**लक्ष्मी उप्रेती,**

मेचीनगर । नेपाल-बंगलादेशबीचको द्विपक्षीय व्यापार चालु आर्थिक वर्ष २०८०/०८१ को आठ महिनाको अवधिमा समेत बंगलादेशको पक्षमा देखिएको छ ।

आर्थिक वर्ष ०५४/५५ बाट सुरु भएको नेपाल-बंगलादेशबीचको द्विपक्षीय व्यापार निरन्तर घाटामा छ । निर्यात बृद्धिको प्रशस्त सम्भावना रहेता पनि बंगलादेशबाट आयात बढ्दा व्यापार घाटा पनि चुलिँदै गएको हो ।

०५४ भदौ १४ देखि नेपालले बंगलादेशसँग औपचारिक व्यापार शुरु गरेको हो । पहिलो र दोस्रो वर्ष बंगलादेशको पक्षमा रहेको व्यापार ०५६/५७ मा भने नेपालको पक्षमा देखिएको थियो । त्यसयता यी दुई देशबीचको व्यापारमा नेपालले घाटा व्यहोरिरहेको छ । पूर्वी नाका काँकरभिट्टा भएर यी दुई देशबीच हुने व्यापारमा निर्यातभन्दा आयात बढी भएकाले व्यापार बंगलादेशको पक्षमा देखिएको हो ।

मेची भन्सार कार्यालय काँकरभिट्टाका अनुसार चालु आर्थिक वर्ष २०८०/०८१ को साउनदेखि फागुन महिनासम्म ९४ प्रतिशत व्यापार घाटा भएको छ । यो अवधिमा साढे दुई अर्बभन्दा बढीको सामान बंगलादेशबाट आयात भएकोमा यताबाट १६ करोड रुपैयाँबढीका मात्र सामान निर्यात भएको भन्सार अधिकृत एवम् सूचना अधिकारी गणपति कँडेलले बताए ।

आठ महिनामा २ अर्ब ५९ करोड ६५ लाख ३१ हजार रुपैयाँका मालवस्तु पूर्वी नाका भएर आयात भएको छ। तर, निर्यात भने निकै कम छ। १६ करोड ५६ लाख ४२ हजार रुपैयाँका मालवस्तु नेपालले पठाएको भन्सारको अभिलेख देखाएको छ । जुन २ अर्ब ४३ करोड ८ लाख ८९ हजार रुपैयाँ अर्थात ९४ प्रतिशत व्यापार घाटा हो। अघिल्लो आर्थिक वर्ष २०७९/०८० को सोही अवधिमा नेपालले ९२ प्रतिशत व्यापार घाटा व्यहोरेको थियो । कार्यालयका अनुसार सो अवधिमा ४७ करोड ११ लाख ५२ हजार रुपैयाँको मालवस्तु नेपालले निर्यात गर्दा सोही अवधिमा ५ अर्ब ६५ करोड २० लाख ६५ हजार रुपैयाँको मालवस्तु आयात गरेको थियो। जुन नेपालका लागि ५ अर्ब १८ करोड ९ लाख १३ हजार रुपैयाँ अर्थात ९२ प्रतिशत व्यापार घाटा हो ।

भन्सार अधिकारी र व्यवसायीहरुका अनुसार आर्थिक वर्ष ०६१/६२ देखि ०६४/६५ सम्म नेपाल-बंगलादेश व्यापारमा उतारचढाव आयो। ०६४/६५ देखि ०७०/७१ सम्म करिब ७ वर्ष नाफामा रह्यो । त्यो समयमा गहुँ निर्यात हुन्थ्यो । बंगलादेशबाट आउने सामान पनि कम थियो। ०७१/७२ देखि भने व्यापार ओरालोमा छ। नेपालले भारतलगायतका मुलुकसँगको व्यापार घाटा व्यहोर्दै गर्दा बंगलादेश मात्रै यस्तो मुलुक थियो, जुन देशसँगको व्यापार बर्सेनि नेपालको पक्षमा हुन्थ्यो। पछिल्लो अभिलेखले बंगलादेशसँगको व्यापार पनि निरन्तर ओरालो लाग्दै गएको मेची भन्सार एजेन्ट संघका सचिव कृष्णकान्त (नवराज) खनियाँले बताए ।



नेपाल-बंगलादेशबीचको समग्र व्यापारमै कमी आएको बताउँदै खनियाले भने,‘कोभिड र त्यसपछिको आर्थिक मन्दीको प्रभाव नेपाल-बंगलादेशको व्यापारमा प्रत्यक्ष रूपमा परेको छ। निर्यात घट्दो छ, आयात पनि कम हुँदै गएको छ, नेपाल-बंगलादेश व्यापारमा उतारचढाव छ।’ बंगलादेशको राजधानी ढाकामा भएको नेपाल-बंगलादेश वाणिज्य सचिवस्तरीय बैठकले नेपालका कृषिजन्य उत्पादनसहित १ सय ८ वटा आइटमलाई ‘ड्युटी फ्री’ सुविधा दिने निर्णय गरेको थियो । त्यसले नेपालको निर्यात बढ्ने विश्वास लिइएको भएपनि हालसम्म छलफलकै क्रममा रहेको र कार्यान्वयन नभएका कारण नेपालले बर्सेनि व्यापार घाटा सहनु परेको भन्सार अधिकारी र व्यवसायीहरु बताउँछन् । बंगलादेशबाट कटन भेस्ट, औषधि, फेब्रिक, जुट, चिनी, दूध पाउडर, सोया, आलुलगायत करिब तीन दर्जन वस्तु आयात हुन्छन् । नेपालले मुसुरो, जडीबुटी, अदुवा, तोरीको पिना, तरकारीजन्य वस्तु निर्यात गर्दै आएको छ।

भुटानका मालवस्तुसरह नेपाली वस्तुलाई पनि ड्युटी छुट गरिदिने हो भने निर्यात व्यापार बढ्ने र नेपालको घाटा व्यापार कम हुने भन्सार अधिकारीको भनाई छ । बंगलादेशले नेपालका १ सय ८ वस्तुलाई भन्सारसहित सुविधा दिने र नेपालले पनि माछा, आलु चिप्स, रेफ्रिजेरेटर, ब्याट्री, गार्मेन्ट, प्लास्टिकजन्य वस्तु, सिमेन्ट, टोवाको, टमाटरको सस र बिस्कुटलगायत ५० वस्तुमा ड्युटी फ्री गर्ने भनेको थियो। तर, यो विषय अझै छलफलकै क्रममा रहेको एकजना भन्सार अधिकारीले भने । नेपालको भारत र चीनसँगको प्रत्येक वर्ष खबौंको व्यापार घाटा भइरहेको बेलामा नेपालले बंगलादेशसँगको व्यापार पनि सोही अवस्थामा रहेको यसका जानकारहरु बताउँछन् ।

भन्सार अधिकारीका अनुसार भुटानबाट बंगलादेशले आयात गर्ने मालवस्तुलाई जस्तै नेपालबाट निर्यात भएर उता जाने मालवस्तुलाई बंगलादेशले ड्युटी छुट दिने हो भने हरिया सागसब्जी, फलफूलहरु सुन्तला, किवि, ड्राइगन फुट्स तथा मौसमी तरकारी, चिया, अलैची, टमाटर प्रशस्त निर्यात हुन्थ्यो । जसले गर्दा व्यापारमा बृद्धि हुन्थ्यो । बंगलादेशमा जडीबुटी निकासी बढाउनसके बंगलादेशसँगको व्यापारमा नेपालको पक्षमा हुन सक्छ । नेपालबाट बंगलादेशमा अलैंची, अदुवा र फलफूल माग उच्च भएपनि यी उत्पादन भने झन्झटिलो भन्सार नीतिले निर्यात व्यापार कमजोर भएको बताईएको छ । नेपालबाट बंगलादेशमा गहुँ र दाल बढी निर्यात हुन थालेपछि व्यापार नेपालको पक्षमा हुँदै गएको थियो ।बंगलादेशमा मुसुरो निर्यात घटेपश्चात् व्यापार घाटा बढ्दै गएको देखिन्छ। ‘नेपालबाट अत्यधिकरुपमा प्लाइउड भारततर्फ निर्यात हुन्छ ’ एकजना भन्सार अधिकारीले नाम नलेख्ने शर्तमा भने,‘ त्यही प्लाइउड ८० देखि ९० प्रतिशत बंगलादेश निर्यात हुन्छ। कमसेकम सोझै बंगलादेश पठाउन सके केही हदसम्म व्यापार घाटा कम हुन्थ्यो ।’ काँकरभिट्टादेखि करिब ५४ किलोमिटरको दूरी पार गर्दा बंगलादेशको व्यापारिक नाका बंगलाबन्द पुगिन्छ। बंगलादेशसँगको व्यापारका लागि यो मार्ग नै सबैभन्दा छोटो मानिन्छ। त्योबेला कोलकाता-हल्दिया बन्दरगाहको विकल्पमा बंगलादेशसँगको यो बन्दरगाह उपयोग हुने सोचिएको व्यवसायी एवम् मेची भन्सार एजेन्ट संघका अध्यक्ष मोहन निरौलाको भनाई छ ।

# सहकारी दिवसमा झापाका ठूला सहकारीलाई सम्मान




झापा(प्रस)। ‘सहकारीमा सुशासन, प्रविधि र एकीकरण’ भन्ने मूल नाराका साथ मंगलवार देशभर ६७औं राष्ट्रिय सहकारी दिवस मनाइएको छ। २०१३ साल चैत २० गते चितवनमा बखानपुर सहकारी संस्थाको दर्ता भएको दिनको स्मरणमा यो दिवस मनाउने गरिन्छ ।

झापा जिल्ला सहकारी संघको आयोजनामा झाँकी, र्‍याली, जनसभा गर्दै बिर्तामोडमा शक्ति प्रदर्शनसहित सहकारी दिवस मनाइएको हो । बिर्तामोडस्थित सिटी सेन्टर परिसरमा बृहत जनसभाको आयोजना गर्दै मूल नारालाई सार्थक कार्यान्वयन गर्ने मन्तब्यका साथ दिवस मनाइएको हो ।

नेपाल सरकारका कानून, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरीको प्रमुख आतिथ्यमा

❖ बाँकी तेस्रो पृष्ठमा

## अटो दुर्घटनामा एकको मृत्यु, अर्का गम्भीर घाइते

बिर्तामोड(प्रस)। झापाको बिर्तामोड-३ बिर्ताबजारमा मंगलवार साँझ अटो पल्टिँदा एक जनाको मृत्यु भएको छ भने अर्का एक जना गम्भीर घाइते भएका छन् । बिर्तामोडबाट गरामनी जाँदै गरेको प्र १-०१-००२ ह ६२१ नम्बरको अटो साँझ सवा सात बजे महेन्द्ररत्न मावि अगाडिको सडकमा अनियन्त्रित भई पल्टिँदा ताप्लेजुङ घर भई हाल बिर्तामोड ९ बस्ने ३६ वर्षीय भीमबहादुर तामाङको मृत्यु भएको हो । दुर्घटनामा ताप्लेजुङ जिल्लाको पाथीभरा याङवरक-२ बस्ने ३१ बर्षीया सामना लिम्बू र तामाङ घाइते भएका थिए । उनीहरुलाई उपचारको लागि बीएण्डसी अस्पताल लगिएकोमा तामाङलाई डाक्टरले मृत घोषणा गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । अर्की घाइते सामना लिम्बूको गम्भीर अवस्थामा अस्पतालमा उपचार भईरहेको प्रहरीले जनाएको छ । तीब्र गतिका कारण सो अटो सडकको बीचमा रहेको डिभाइडरमा ठोक्किएर पल्टिएको जनाइएको छ । प्रहरीले अटो र अटो चालक बिर्तामोड ९ का ४२ वर्षीय अरुणकुमार तामाङलाई नियन्त्रणमा लिएको छ ।

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरूदण्ड सर्जन
समयः दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समयः दैनिक सेवा

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समयः प्रत्येक महिनाको पहिलो शनिबार

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समयः दैनिक सेवा

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समयः प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समयः दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समयः दैनिक सेवा

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समयः प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

## सीमाका बासिन्दाको गुनासा सुन्न सुरक्षा अधिकारी गौरीगञ्जमा

गौरीगञ्ज(प्रस)। सशस्त्र प्रहरी बलले सीमा क्षेत्रका बासिन्दाको समस्या र गुनासा सुन्नका लागि गौरीगञ्जका सीमावासीसंग अन्तरक्रिया गरेको छ ।

'सीमाबासीसँग सशस्त्र प्रहरी' नामक अभियानअन्तर्गत सीमा क्षेत्रका बासिन्दाको समस्या र गुनासा सुन्न सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौड्याललगायतका सुरक्षा अधिकारीहरु उपस्थित भएका थिए ।

गौरीगञ्ज गाउँपालिका वडा नं. ६ स्थित खजुरगाछी माविको प्राङ्गणमा सोमवार सीमाका बासिन्दासँग आयोजित प्रत्यक्ष अन्तरक्रियामा राजश्व चुहावट तथा सीमा अपराधका समस्या उठान भएको थियो । कार्यक्रमका अधिकांश सहभागीहरुले झापा गाउँपालिकास्थित छोटी भन्सार, कुञ्जिवारी छोटी भन्सार र आठमौजा छोटी भन्सारको अबस्थाका बारेमा दर्शाएका थिए । उनीहरुले लागूऔषधको ओसार पसार , दुर्व्यसनका समस्या पनि उठाएका थिए । त्यस अवसरमा गौरीगञ्ज ४ मा बस्ने मुसहर समुदायका अतिविपन्न परिवारका बुबाआमासमेत गुमाएकी गौरीया प्राविमा कक्षा ३ मा हुने हुँदा सीमावासीसँग सशस्त्र प्रहरी बल, नेपालले सचेतना, अन्तरक्रिया , सीपमुलक तालिमलगायतका कल्याणकारी कार्यक्रमहरु संचालन गरिरहेको जानकारी दिए ।

जिल्लामा शान्ति सुरक्षा, सीमा अतिक्रमण, सीमा अपराध नियन्त्रण, सीमा ईलाका र सीमा स्तम्भहरुको रेखदेख तथा राजश्व संकलन, चोरी, अबैध निकासी पैठारीमा नियन्त्रण गरी राजश्व अभिबृद्धि र बिभिन्न आपराधिक गतिविधि नियन्त्रण गर्न साथै जिल्लाको सीमा ईलाकामा ४ वटा प्रस्तावित सीमा सुरक्षा गुल्म र १७ वटा बिओपिहरु तैनाथ रहेको र अन्य विभिन्न स्थानहरुमा १५ वटा बिओपिहरु स्थापनाको लागि प्रस्ताव गरिएको सशस्त्र प्रहरी बल नेपाल नं २ गण झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राईले जानकारी गराएका थिए ।

प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले सीमाका बासिन्दाहरु वास्तविक सीमारक्षक भएको हुँदा उनीहरुको गुनासा सम्बोधन गर्न राज्य सकारात्मक रहेको बताए । उनले सीमामा तैनाथ सुरक्षाकर्मीहरुलाई उच्च मनोबलका साथ खट्न निर्देशनसमेत दिए ।



अध्ययनरत रानी ऋषिदेवलाई एपीएफ स्कूलमा कक्षा १० सम्म निःशुल्क अध्ययन गर्ने छात्रावृत्ति सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पौड्यालले प्रदान गरेका थिए । साथै प्रमुख अतिथि पौड्यालले अति विपन्न १५० जना विद्यार्थीहरुलाई शैक्षिक सामग्री तथा विद्यालयलाई २ थान खेलकुद सामग्री वितरण गरेका थिए ।

सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी मुख्यालयका बाहिनीपति अन्जनीकुमार पोखरेलले सशस्त्र प्रहरी बल नेपाललाई प्राप्त कार्यादेशमध्ये देशको अन्तर्राष्ट्रिय सीमानाको सुरक्षा गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यसम्पादन गर्दै आइरहेकोमा यसलाई थप प्रभावकारी बनाउन सीमा ईलाकामा बसोबास गर्ने स्थानीय जनताको साथ र सहयोग अपरिहार्य रहने बताए । उनले सीमाबासी जनताको दैनिक जीवनमा सरोकार राख्ने विविध बिषयमा सशस्त्र प्रहरी बल, नेपालको संलग्नता भएमा सुमधुर सम्बन्ध स्थापित भई कार्यक्षेत्रमा सहज र सुरक्षित वातावरण सृजना झापा जिल्लामा बाहुनडाँगीदेखि गौरीगञ्जसम्म १४४.०२ किलोमिटर लामो सीमा क्षेत्र रहेको छ । हरेक किलोमिटर सीमाक्षेत्रमा सशस्त्र प्रहरीले सुरक्षा पोस्ट राखेर निगरानी गरिरहेको छ ।

कार्यक्रममा गौरीगञ्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशी, उपाध्यक्ष पुजन न्यौपाने कुँवर, गौरादह नगरपालिकाका प्रमुख छत्रपति सुवेदी, दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराई, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक मिलन केसी,सशस्त्र सीमा सुरक्षा वल गौरीगञ्जका डीएसपी राज बस्नेतलगायत झापा गाउँपालिकाका, गौरादह नगरपालिका र गौरीगञ्ज गाउँपालिकाका जनप्रतिनिधि र सीमाबासी सहभागी थिए ।

सीमाबासीसँग सशस्त्र प्रहरी कार्यक्रमअन्तर्गत चैत ७ गतेबाट मेचीनगर नगरपालिका १ स्थित तिरिङ्गबाट सशस्त्र प्रहरी बलले संयुक्त पैदलयात्रा तथा सीमा ईलाकामा बसोबास गर्ने स्थानीयबासीहरुसंग छलफल तथा अन्तरक्रिया शुरुवात गरेको थियो ।

---

**प्रादेशिक...**

माग राखिएको छ ।

प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामबाबु खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कोशी प्रदेशका स्वास्थ्य मन्त्री सुनुवारले अस्पतालको विकासका लागि स्तरवृद्धिको प्रकृयामा लैजाने प्रतिबद्धता जनाएका थिए ।

कार्यक्रममा प्रदेशसभा सदस्य भूमिप्रसाद राजवंशी, मोहन महर्जन, गोपाल तामाङलगायतको उपस्थिति थियो भने मेडिकल सुपरिटेन्डेन्ट डा.खड्काले अस्पतालको गतिविधिबारे जानकारी गराएका थिए ।


## बिमालेख हरायो

**निम्न व्यहोराको LIC को बिमालेख यहि मिति २०८०/१०/१० गते बिर्तामोडबाट हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यलय वा तलको नम्बरमा सम्पर्क गर्नहोला ।**

**सम्पर्क**
**नामः मोहाङ्ग गुरुङ**
**बिमालेख नं : २०००१५६७२**
**ठेगानाः बिर्तामोड ४, झापा**
**मोः ९८०४९१२३४५**


## सीबीसीलाई हराउँदै आयोजक (रातो) फाइनलमा

शिवसताक्षी (प्रस) । झापाको शिवसताक्षीमा जारी प्रदेशस्तरीय नविन राई स्मृति भेट्रान कप फुटबल प्रतियोगिताको मंगलबार भएको खेलमा आयोजक झिलझिले भेट्रान क्लब (रातो) फाइनलमा प्रवेश गरेको छ । सीबीसी भेट्रान क्लब चन्द्रगढीलाई ३- १ गोल अन्तरले हराउँदै आयोजक फाइनलमा प्रवेश गरेको हो ।

खेलको पहिलो हाफको २१ औं मिनेटमा आयोजकका तर्फबाट जर्सी नं. १५ भिष्म खरेल (विनोद)ले पहिलो गोल गरेका थिए । त्यस्तै दोस्रो हाफको एक मिनेट नबित्दै सीवीसीका जर्सी नं १३ का खेलाडी कर्ण लिम्बूले एक गोल फर्काउन सफल भए । दोस्रो हाफको तेस्रो मिनेटमा आयोजकका जर्सी नं. ८ सन्तोष थोप्रा र त्यसपछि जर्सी नं. ३ का खेलाडी सन्तोष नेम्वाङले एक-एक गोल थपेपछि ३ - १ को अन्तरले आयोजक विजयी भएको हो । आजको खेलको म्यान अफ दी म्याच आयोजकका अंकुर खड्गी घोषित भए । उनले नगद २ हजार प्राप्त गरे । प्रतियोगिता झिलझिलेस्थित गणेशमान सिंह अध्ययन प्रतिष्ठानको खेलमैदानमा सञ्चालन भइरहेको छ ।प्रतियोगिताको विजेता टिमले नगद ७१ हजार र उपविजेताले नगद ४१ हजारसहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने छन् । बुधबारको दोस्रो सेमिफाइनल खेल दमक लखनपुर र पूर्वेली भेट्रान क्लब बिर्तामोडबीच हुने आयोजक झिलझिले भेट्रान क्लबले जनाएको छ ।






## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैंतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मितिः २०८०/१२/२१

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमूकदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

<table>
<tr><th>क्र. सं.</th><th colspan="2">ऋणी / व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण</th><th>कर्जा सुविधा</th><th>धितो सुरक्षणको विवरण</th></tr>
<tr><td rowspan="4">१</td><td colspan="4">शाखा कार्यालयः बिर्तामोड प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२९</td></tr>
<tr><td colspan="2">ऋणीः प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुरबाट मिति २०७६/०४/१५ मा प्रा.फ.र.न.५६/१२२०० अन्तर्गत रजिष्ट्रर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना विर्तामोड झापा बडा नं ६ भई हाल सोहि ठाउमा अवस्थित पि.एस.एस. सप्लायर्सका तर्फबाट ऐ. का प्रोपाइटर श्रीप्रसाद पराजुलीको नाती, ईन्द्र प्रसाद पराजुलीको छोरा नागरिकता वमोजिम झापा जिल्ला, शान्तिनगर गा.बि.स वडा न. ८ स्थायी ठेगाना भै हाल झापा जिल्ला, वुद्धशान्ति गा.पा, वडा नं. ६ बस्ने मिति २०६३/११/०७ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०४३००२/१२५ भएको बर्ष ३६ को शेखर पराजुली</td><td>व्यवसायिक चालुपुँजी कर्जा</td><td>ईन्द्र प्रसाद पराजुली को नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, शान्तिनगर गा.वि.स वडा नं. ८ स्थित कि.नं. ४८ र ५० को क्षेत्रफल क्रमस (०-९-५-० वि.क.धु) (३१३२.३२ ब.मि.) , ०-६-०-० वि.क.धु) (२०३१.७८ब.मि.) भएकोजग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।</td></tr>
<tr><td colspan="4">ब्यक्तिगत जमानीकर्ताहरुः</td></tr>
<tr><td>नाम :- इन्द्र प्रसाद पराजुली<br>बाबु :- श्रीप्रसाद पराजुली<br>पति :- वलभद्र पराजुली<br>ना प्र नं:- ०४-०१-७६-०७९७६ (झापा)<br>ठेगाना:- झापा जिल्ला, वुद्धशान्ति गा.पा, वडा नं. ६ स्थायी ठेगाना भै हाल सोही स्थानमा बस्ने ।</td><td colspan="3">नाम :- युग माया पराजुली<br>बाबु :- नन्द प्रसाद चापागाई<br>पति :- ईन्द्र प्रसाद पराजुली<br>ना प्र नं:- ४०४१,४७९८ (झापा)<br>ठेगाना:- झापा जिल्ला, बुधवारे गाउपञ्चायत वडा न. १ स्थायी ठेगाना भै हाल झापा जिल्ला, वुद्धशान्ति गा.पा, वडा नं.६</td></tr>
<tr><td rowspan="4">२</td><td colspan="4">शाखा कार्यालयः बिर्तामोड प्रथम पटक प्रकाशित मितिः २०८०/११/१६</td></tr>
<tr><td colspan="2">ऋणी : स्थानिय स्वायत्त शासन ऐन २०५५ को दफा १३८ बमोजिम विर्तामोड नगरपालिकामा मिती २०७४/०५/१५मा दर्ता न.१४२ (पान-६०१४५५७६२) भई रजिष्ट्रर्ड ठेगाना विर्तामोड न.पा वडा नं ६ भै हाल सोही ठाउमा अवस्थित ॐ शंकर ज्वेलर्सका तर्फबाट ऐ. का प्रोप्राइटर कुल बहादुर विश्वकर्माको नाती, मान बहादुर विश्वकर्माको छोरा, नागरिकता वमोजिम झापा जिल्ला, विर्तामोड न.पा वडा न. ०६ स्थायी ठेगाना भै हाल सोही स्थानमा बस्ने मिति २०६३/०५/०१ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०२/४०७४ भएको बर्ष ३७ को डिक बहादुर विश्वकर्मा</td><td>धितो सिहत सहुलियत दर कर्जा</td><td>शोभा विश्वकर्मा का नाममा भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. १ स्थित कि.नं. २३२३ को क्षेत्रफल १६९.३१ ब.मि. भएकोजग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।</td></tr>
<tr><td colspan="4">ब्यक्तिगत जमानीकर्ताहरुः</td></tr>
<tr><td colspan="4">नाम :- शोभा विश्वकर्मा<br>बाबु :- श्यामलाल विश्वकर्मा<br>पति :- डिक बहादुर विश्वकर्मा<br>ना प्र नं:- ०४१०१२/२५१९(झापा)<br>ठेगाना:- झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भै हाल विर्तामोड न.पा.वडा नं. ६ ।</td></tr>
<tr><td rowspan="4">३</td><td colspan="4">शाखा कार्यालयः बिर्तामोड प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२३</td></tr>
<tr><td colspan="2">ऋणीः धन वहादूर कार्कीको नाती, देव वहादुर कार्कीको छोरा नागरिकता वमोजिम झापा जिल्ला, अर्जुनधारा गा.बि.स वडा न. २ स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधारा नगरपालिका, वडा नं. ७ बस्ने मिति २०७०/०१/२३ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०४३०११/०२ भएको वर्ष २८ को प्रवेश कार्की</td><td>व्यक्तिगत आवधिक कर्जा</td><td>पवित्रा कार्कीको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, पाराखोपी गा.वि.स वडा नं. २ स्थित कि.नं. ४०३३ को क्षेत्रफल ३२१.६७ (व.मि) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।</td></tr>
<tr><td colspan="4">ब्यक्तिगत जमानीकर्ताहरुः</td></tr>
<tr><td>नाम :- पवित्रा कार्की<br>बाबु:- प्रेम प्रसाद डांगी<br>पति :- देव वहादुर कार्की<br>ना प्र नं:- ६९७१३५३ (झापा)<br>ठेगाना:- झापा जिल्ला, अर्जुनधारा गा.वि.स वडा न. २ स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ७ बस्ने ।</td><td colspan="3">नाम :- प्रशान्त कार्की<br>बाबू :- देव वहादुर कार्की<br>बाजे :- धन वहादुर कार्की<br>ना प्र नं:- ०४–०१–७४–११२६५(झापा)<br>ठेगाना:- झापा जिल्ला, अर्जुनधारा न.पा. वडा न. ७ स्थायी ठेगाना भै हाल सोही स्थानमा बस्ने ।</td></tr>
</table>

**शर्तहरुः–**

1. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षेरपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
2. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
3. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
4. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
5. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
6. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
7. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
8. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
9. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
10. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
11. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# एसईईलाई मर्यादित बनाऔं

**चैत १५ गतेबाट जारी एसईई परीक्षा झापामा शान्तिपूर्वक संचालन भइरहेको छ । अहिलेसम्म नराम्रो केही पनि सुनिएको छैन । तर, अन्य जिल्लाहरुमा एसईई परीक्षा मर्यादित बन्न सकिरहेको छैन । बाहिरबाट हुलका हुल चिट फ्याल्ने गरेको भिडियो भाइरल बनेको छ । छिमेकी मोरङमा खटिएका परीक्षा केन्द्रका केन्द्राध्यक्षसहित छ जना निरीक्षक कारवाहीमा परेका छन् । मोरङको विभिन्न तीन वटा परीक्षा केन्द्रमा खटिएका उनीहरुमाथि कारवाही भएको हो ।**

**माध्यमिक शिक्षा परीक्षा (एसईई) लाई विगतदेखि नै विद्यालय शिक्षाको फलामे ढोकाको रुपमा चित्रण गर्दै आएको पाइन्छ । एसईई परीक्षामा हाउगुजी र डरको रुपमा नभई रहरको रुपमा सम्मिलित हुने मानसिकताको खाँचो देखिन्छ । विसं १९९० सालदेखि एसएलसीको रुपमा राष्ट्रियस्तरमा लिइदै आएको विद्यालयतहको एकमात्र परीक्षाको नतिजा विगतदेखि नै उत्साहप्रद देखिदैन । बि.सं.१९९८ सालमा सबभन्दा बढी ७७ दशमव ७८ प्रतिशत र बि.सं.२०३८ सालमा सबभन्दा घटी १६ दशमलव ६८ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएको देखिन्छ । विगतका परीक्षाको विषयगत औसत प्राप्ताक्त हेर्दा अंग्रेजीमा सबभन्दा घटी ३३ दशमलव २४ र सबभन्दा बढी सामाजिकमा ४८ दशमलव ०४ भएको पाइन्छ ।**

**शिक्षा क्षेत्रमा धेरै अभ्यास र लगानी भए तापनि विद्यार्थीको उपलब्धिमा झन् ह्रास आउनु गम्भिर चिन्ताको बिषय हो । यति लामो समयसम्म विद्यार्थीको उपलब्धीस्तर ५० प्रतिसत पनि नपुग्नुमा के विद्यार्थी मात्रै दोषी छन् त ? वस्तुनिष्ठ अध्ययन गरी वास्तविकता पहिल्याउन अल्छी गर्नुहुन्न । उपलब्धीस्तर शतप्रतिशत पुऱ्याउन राज्य, अभिभावक, विद्यालय, विद्यार्थी र नागरिक समाजलगायतको भूमिका कस्तो हुनुपर्छ ? निर्क्योल गर्न बिलम्ब भैसकेको छ । एसईईलाई अधिकतम उपलब्धीमूलक बनाउन अभिभावकको पनि उत्तिकै महत्व रहन्छ । छोराछोरीलाई अनावश्यक दवाव नदिने, उनीहरुको आहार विहारलाई स्वस्थकर बनाउने, पढ्ने लेख्ने सामग्री तथा बस्ने स्थानको उपयुक्त वातारण वनाई सहजता प्रदान गर्ने एवं उत्साह र ढाडस दिएर मर्यादित रुपमा परीक्षा दिन प्रोत्साहित गर्नु एक असल अभिभावकको जिम्मेवारी भित्र पर्दछ । यसमानेमा एसईई अभिभावकको लागि पनि एक समझदार अभिभावक भए नभएको जाँचिने परीक्षा हो भन्दा अन्यथा नहोला ।**




# कृषि : समृद्धिको आधार



• **ललितकुमार यादव**

कृषि क्षेत्र नेपालको अर्थतन्त्रको मेरुदण्डको रूपमा छ। नेपालका ६२ प्रतिशत परिवार कृषि कार्यमा लागेको र ६७ प्रतिशत जनसंख्या कृषक परिवारभित्र पर्ने तथ्यांकले देखाउँछ। नेपाली समाज कृषि समाज हो। तर, बिडम्बना नै भन्नुपर्छ- ४५ प्रतिशत कृषक परिवारलाई मात्रै कृषि उत्पादनबाट भएको आम्दानीले वर्षैभरि खान पुगेको देखिन्छ। ७९ प्रतिशत कृषकको मुख्य पेसा कृषि नै रहेको छ।

संयुक्त राष्ट्र खाद्य एवं कृषि संगठन (एफएओ) का अनुसार विश्व जनसंख्याको ६७ प्रतिशत हिस्सा कृषि क्षेत्रमा निर्भर छ। विश्व अर्थतन्त्रमा कृषि एवं पशुपालन उद्योगको योगदान ३९ प्रतिशत रहेको आकलन गरिन्छ। पछिल्ला केही वर्षयता विश्व अर्थतन्त्रको विकासमा कृषि क्षेत्रको भूमिकामा महत्वपूर्ण प्रगति भएको छ। तर, नेपालको कृषि निर्वाहमुखीमै सीमित रहेका कारण अर्थतन्त्रमा यथोचित योगदान गर्न सकेको छैन। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको छ भने अन्य क्षेत्रको योगदान बढ्दै गएको छ।

वार्षिक जनसंख्या वृद्धिदरसँग कृषि उत्पादन र उत्पादकत्व वृद्धिको तालमेल मिल्न नसक्दा कृषि उपजमा मुलुकको निर्भरता बढ्दै गएको छ। नेपालको कृषि क्षेत्रमा परम्परागत खेती प्रणाली, मनसुनमा अत्यधिक निर्भरता, सीमित प्रकृतिका बाली, बजारको अभाव, कृषिसम्बन्धी ज्ञानको कमी, पर्याप्त पूर्वाधारको कमीलगायतका चुनौती छन्। नेपालको कृषि क्षेत्रका मुख्य समस्याहरू उत्पादित कृषि उपजहरू बजारसम्म पुऱ्याउन भरपर्दो पूर्वाधारको अभाव, नवीन प्रविधिको अभाव, ऋणको उपलब्धता नहुनु, जमिनको खण्डीकरण, सिँचाइको अभाव, सरकारी अनुदानको कमी आदि हुन्।

कृषकले आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् भने कतिपय अवस्थामा लगानीसमेत उठ्न सकेको हुँदैन। त्यसैले कृषिमा किसानको रुचि छैन। कृषकको लागि बाध्यताको पेसा बन्न पुगेको छ, कृषि। कृषि मजदुरले आफ्नो परिश्रमको उचित मूल्न पाउन सकेका छैनन्। त्यसैले नेपालको कृषि क्षेत्र मजदुरको अभाव भोग्न बाध्य छ भने नेपाली युवा खाडीमा पसिना बगाउन बाध्य छन्। कृषि पेसालाई सम्मानित बनाई युवा जनशक्तिलाई श्रम, सीप तथा पुँजीसहित कृषि क्षेत्रमा आकर्षित गर्न नसक्दा बेरोजगारीलाई कृषि क्षेत्रले पर्याप्त सम्बोधन गर्न सकेको छैन न त कृषिमा प्रगति हुन सकेको छ।

कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले कृषि तथा पशुपक्षीजन्य उत्पादनको व्यवसायीकरण, यान्त्रीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ। १५औं योजनामा कृषि क्षेत्रको औद्योगीकरणका माध्यमबाट थप रोजगारी सिर्जना गरी आयआर्जन, गरिबी निवारण तथा आयात व्यवस्थापनका सम्बन्धमा व्यवस्था गरिएको छ। कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रूपमा २०७३/७४ देखि लागू हुने गरी १० वर्ष अवधिको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनमा ल्याइएको छ। हरेक वर्षको नीति तथा कार्यक्रम, बजेट, योजना, सरकारको घोषणाहरूमा कृषिलाई प्राथमिकता राख्दै कृषिबाट समृद्धि भन्न कहिल्यै छुटाइँदैन तर कृषिमा प्रगतिको गति शून्य प्रायः छ।

कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र औद्योगीकरण सरकारको घोषणा, पार्टीका नारा र नेताका भाषणमा सीमित छ। विप्रेषणले आम नेपालीको खाना र घरबार चलेको छ। तर, हाम्रो खेतबारी बाँझै छ। सरकारले कृषि क्षेत्रको विकासका लागि ल्याएका कतिपय कार्यक्रमबाट वास्तविक किसान लाभान्वित हुन सकेका छैनन्। बिचौलिया र टाठाबाठाले मात्रै फाइदा लिइरहेछन्। कुल कृषक परिवारको ४ प्रतिशत परिवार मात्रै कृषि बिमाबाट लाभान्वित हुन सकेको छ। ५५ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको र तीन प्रतिशत कृषक परिवारले माटो परीक्षण गराएको तथ्यांकले देखाउँछ। कृषक परिवारका ६ प्रतिशत सदस्यहरूले औपचारिक कृषि तालिम लिएका छन्।

जमिनको खण्डीकरणका कारण उत्पादकत्व घट्दै गएको छ। कृषक परिवारको संख्या बढ्दै गएको छ भने खेती गरिने जमिनको क्षेत्रफल घट्दै गएको छ। पछिल्लो समय आधुनिक कृषि भनिरहे पनि भूगोलअनुसार आधुनिक कृषि औजारको उपयोग हुन सकेको छैन। खेतीपातीको बेलामा सधैं बिउ र मलखादको अभाव हुने गरेको छ। जनशक्तिको अभाव पनि उत्तिकै छ। किसानको सीप विकास हुन सकेको छैन। सीप विकासको लागि तालिम प्रदान गर्न सकिएको छैन न त खेती गरिएको स्थानमा प्राविधिक सेवा नै उपलब्ध गराउन सकिएको छ। किसानले अभावै अभाव झेल्नु परेको कारण समयमा खेतीपाती गर्न सकेका छैनन्। परिणामस्वरूप उत्पादनमा समस्या आउने गरेको छ। मौसमी अनिश्चितताको कारण कृषि क्षेत्र झन् प्रभावित भएको छ र बहुआयामिक प्रभाव परेको छ।

नयाँ प्रविधिको प्रयोग र आधुनिक विज्ञानबाट कृषियोग्य जमिन कम रहेका केही देश राम्ररी लाभान्वित भएको पाइन्छ। जापान, अमेरिका, जर्मनी, अस्ट्रेलिया, ब्राजिललगायतका देशहरूले कृषिमा १०-१५ प्रतिशत मानिस मात्र सहभागी हुँदा पनि लगभग ५० प्रतिशतभन्दा बढी कृषिजन्य सामग्री निर्यात गर्न सफल भएका छन्। यो आधुनिक कृषि प्रणालीबाट सम्भव भएको हो। नेपालको कुल खेतीयोग्य जमिन ३० लाख ९१ हजार हेक्टर रहेको छ। २२ लाख १८ हजार हेक्टर जग्गामा मात्र अहिले कृषिकार्य गरिएको छ भने बहुसंख्यक जनसंख्या कृषि कार्यमा नै लागेका छन्। यतिको खेतीयोग्य जमिन हाम्रो करिब तीन करोड जनसंख्याको लागि पर्याप्त रहेको छ। तर, नेपाल कृषि उपजमा आत्मनिर्भर हुन सकेको छैन।

नेपाल, जहाँको माटोमा सबै खालको खेतीपाती गर्न सकिन्छ। भौगोलिक दृष्टिकोणले उच्च हिमाली क्षेत्र, पहाड र तराई भएकाले जुनसुकै उत्पादन लिन सम्भव छ। उच्च हिमाली क्षेत्रमा याक, भेडा, बाख्रा र फलफूल उत्पादनको प्रशस्त सम्भावना छ भने पहाडमा गेडागुडी, कफी, चिया, फुल, बाख्रा, कुखुरा र तराईमा धान, गहुँ, आलु, तरकारी, दूध, पोल्ट्रीलगायतका उत्पादन सम्भव छ। दलहन र तेलहन उत्पादनको सम्भावना उत्तिकै छ। तर, नेपाल कृषि उपजमा आत्मनिर्भर हुने गरी अधिकांश कृषि उपजको उत्पादन गर्न सकेको छैन।

कृषि क्षेत्रको विकास र विस्तारबाट गरिबी निवारण, खाद्य सुरक्षा, आर्थिक वृद्धि एवं आर्थिक विकास सम्भव छ। विकसित तथा विकासशील दुवैखाले मुलुकको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ। कृषि क्षेत्र विश्वभर नै खाद्यान्न, रोजगारी र आयको स्रोत रहिआएको छ। नेपालको कृषि क्षेत्रले दुईतिहाई जनसंख्यालाई रोजगारी प्रदान गर्न सक्छ। ग्रामीण क्षेत्रमा बसोबास गर्ने नेपालीको उन्नति तथा समुन्नतिको आधार कृषि क्षेत्र नै रहेको छ। समृद्धि प्राप्त गर्न युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्न अत्यन्त जरुरी छ। त्यसका लागि कृषिमा रूपान्तरणको खाँचो छ।

# सार्वजनिक प्रसारणको व्यग्र प्रतीक्षा



• **बुद्धिबहादुर केसी**

सार्वजनिक प्रसारणको इतिहासलाई हेर्दा सन् १९९० को दशकमा यसको प्रारम्भ भएको पाइन्छ । सार्वजनिक प्रसारणलाई जनहितकारी प्रसारण वा लोककल्याणकारी प्रसारण भनेर पनि चिनिन्छ । एउटा सार्वजनिक प्रसारण संस्था विपत्, महामारी, प्राकृतिक प्रकोप, निर्वाचन एवं संकटका बेलालगायत नागरिक सरोकारका मुद्दामा जनताप्रति उत्तरदायी र स्वार्थबाट मुक्त रहन सक्ने अपेक्षा गरिन्छ । सार्वजनिक प्रसारणलाई चिनाउने नाम फरक फरक भए पनि मुख्य गरी यसको परिभाषामा स्वनियन्त्रण, निःस्वार्थ, निष्पक्ष र जनउत्तरदायी विशेषतालाई बढी जोड दिँदै आएको पाइन्छ । सार्वजनिक प्रसारकका रूपमा विश्वमा चिनिएका प्रसारण संस्थामा बिबिसी सबभन्दा अगाडि पर्छ । त्यस्तै एनएचके, एबिसी, केबिएस, अमेरिकाको एनपिआर, प्रसार भारती आदि पनि प्रचलित नाम हुन् ।

नेपालको सन्दर्भमा हेर्ने हो भने २००७ सालमा स्थापना भएको सरकारी प्रसारण सेवा अन्तर्गतको रेडियो नेपाल र २०४१ सालमा स्थापना भएको नेपाल टेलिभिजनलाई सार्वजनिक प्रसारण संस्थामा रूपान्तरण गर्न सकिएको छैन । २०६३ सालमा बद्रीबहादुर कार्कीको संयोजकत्वमा गठित आयोगले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक प्रतिष्ठानमा रूपान्तरण गर्ने सुझाव दिएको पाइन्छ । आर्थिक वर्ष २०६२/६३ मा तत्कालीन सांसद राधेश्याम अधिकारीको संयोजकत्वमा गठित उच्चस्तरीय मिडिया सुझाव आयोगले पनि सार्वजनिक प्रसारणकै विषयलाई निरन्तरता दिएको पाइन्छ । सञ्चारकर्मी रघु मैनाली संयोजक रहेको रेडियो नेपाल र नेपाल टेलिभिजन समष्टिगत सुधार समितिको प्रतिवेदन, २०७५ ले पनि यी दुवै संस्थालाई एउटै व्यवस्थापनमा लगी जनसेवी प्रसारणमा रूपान्तरण गर्ने विषयलाई औँल्याएको छ ।

यसै गरी आव २०७१/७२ को बजेट वक्तव्यमा त झन् रेडियो नेपाल र नेपाल टेलिभिजनको वर्तमान संरचनालाई परिवर्तन गरी सार्वजनिक प्रसारण सेवाका रूपमा विकास गर्ने योजना अनुरूप नीर शाहको संयोजकत्वमा कार्यदल बनाई सुझाव लिएको पाइन्छ । रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक प्रसारण संस्थाका रूपमा रूपान्तरण गर्न कानुन निर्माण आवश्यक भएकाले सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्‌को राष्ट्रिय सभाबाट पारित भइसकेको छ । आजसम्म आइपुग्दा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको अगुवाइमा प्रतिनिधि सभासमक्ष प्रस्तुत भएको यो विधेयक प्रतिनिधि सभामा संशोधनहरू प्राप्त भई दफाबार छलफलको क्रममा छ ।

नेपालको संविधानमा व्यवस्था भएबमोजिम नागरिकका विचार र अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र संवर्धन गर्नु सरकारको दायित्व हो । संविधानमा उल्लेख गरिएका सूचनाको हक पाउने, दिने र पाएको सूचना सार्वजनिक गर्ने कार्यहरू राज्यद्वारा गर्नुपर्ने भएकाले सार्वजनिक प्रसारण संस्थाको आवश्यकतालाई रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक प्रसारण सेवामा रूपान्तरण गर्न खोज्नुको मुख्य कारकका रूपमा लिन सकिन्छ । सार्वजनिक हित र आमनागरिकको स्वार्थलाई सर्वोपरि राखी सोही अनुरूपका सेवा प्रदान गर्ने, पूर्ण सम्पादकीय स्वतन्त्रतासहित समसामयिक र राष्ट्रिय महत्वका मामिलामा आलोचनात्मक र वैकल्पिक धारणालाई समेत सम्मान, स्थान र महत्व दिन साथै बहुलवादी आमसञ्चार माध्यमका रूपमा प्रसारण संस्थाहरूलाई विकास गर्दै लैजान पनि सार्वजनिक प्रसारणको आवश्यकता महसुस भएको हो । सामान्यतया रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक प्रसारण संस्थामा रूपान्तरण गर्न निम्न चरण पूरा गर्नुपर्ने देखिन्छ :

**पूर्वतयारी**

यस अन्तर्गत सार्वजनिक प्रसारण संस्थामा रूपान्तरण हुने संस्थाले सार्वजनिक संस्थाको संरचना/ढाँचा, सञ्चालन कार्यविधि, नीतिगत छनोट, संरचनागत उत्तरदायित्व, नागरिक सहभागिता, श्रोता/दर्शक सम्बन्ध आदिको तयारी गर्दै जानुपर्ने हुन्छ । त्यस्तै सार्वजनिक प्रसारण सामग्रीको उत्पादन/प्रसारण र यस्ता सामग्रीको बहुभाषिक उपयोग/प्रयोग गर्नुपर्ने हुन्छ । सार्वजनिक प्रसारणको मुख्य सर्तका रूपमा रहेका प्रसारण पहुँच/प्राविधिक क्षमता शतप्रतिशत जनसंख्यामा पुगेको हुनु पर्दछ । सार्वजनिक प्रसारण माध्यमले इन्जिनियरिङ/प्राविधिक पूर्वाधारको निर्माण गरी विभिन्न प्रविधि/प्लेटफर्मको प्रयोग गर्न सक्नु पर्दछ ।

साथै चल/अचल सम्पत्तिको उपयोग/व्यवस्थापन, हक हस्तान्तरणलगायत संस्थाको वित्तीय व्यवस्थाको पनि यकिन भएको हुनु पर्दछ । यसका अतिरिक्त पूर्वतयारीका चरणमा विद्यमान जनशक्तिको/मानव संसाधनको आवश्यक तयारी, जनहितकारी विषयवस्तुको उत्पादन/प्रसारणमा वृद्धि, जनशक्तिमा समावेशीकरण र विविधीकरण, सार्वजनिक भावना र सार्वजनिक सिद्धान्तको बुझाइ, विभिन्न सार्वजनिक प्रसारण निर्देशिकाको अभ्यास, सार्वजनिक प्रसारण विधेयकमा सबै राजनीतिक पक्षको समझदारी/सहमति जस्ता विषयको ठुलो आवश्यकता र महत्व रहन्छ । साथै संलग्न कर्मचारी वर्गमा सार्वजनिक प्रसारणसम्बन्धी तालिम तथा उनीहरूको 'माइन्ड सेट' पनि अर्को आवश्यक तत्व हो ।

**सङ्क्रमणकाल**

प्रस्तावित सार्वजनिक प्रसारण विधेयकले ऐनको रूप लिएपछि अर्को भाषामा भन्दा संघीय संसद्‌बाट सार्वजनिक प्रसारण ऐन जारी भएपछि विद्यमान ऐन/कानुन/गठन आदेशबाट सञ्चालित संस्थाको कानुनी संरचना परिवर्तन हुन पुग्दछ । फलस्वरूप ऐनपछि नियमावली/विनियमावली र आवश्यक निर्देशिका/कार्यविधि तयार गर्नुपर्ने हुन्छ । सकेसम्म सङ्क्रमणकाललाई छोटो अवधिमा फत्ते गर्न आवश्यक कानुनी कार्यनीति समयमा लागु गरी ऐन अनुसारका निर्देशन/सञ्चालन परिषद्, कार्यकारी समिति, व्यवस्थापन तथा विभागहरू, शाखाहरूको स्थापना गरी सार्वजनिक प्रसारण संस्थालाई नभइनहुने थप आवश्यक संरचना/शाखा/समिति निर्माणलगायत रेडियो, टेलिभिजन र डिजिटल प्लेटफर्मको आवश्यक शाखाहरू तथा प्रादेशिक र स्थानीय संरचनाहरू पनि स्थापना गर्दै जानु पर्दछ । सङ्क्रमणकालमा हालका विद्यमान संरचना पूर्णतया हटेर सार्वजनिक प्रसारण ऐन/नियम अनुसारको संरचना खडा भइसक्नु पर्दछ । सार्वजनिक प्रसारणका रूपमा रूपान्तरित भइसकेको अन्य देशको अनुभवमा यो सङ्क्रमणकाल एकदेखि दुई वर्षसम्म रहने गरेको पाइन्छ । यो समयका लागि सङ्क्रमणकालीन संयन्त्र जस्तै : कार्यकारी, सञ्चालक समिति, प्रविधि सहयोग संयन्त्रसमेत गठन गरी कामकाज गर्न पनि सकिन्छ ।

**सार्वजनिक प्रसारणमा रूपान्तरण**

यस चरणमा आइपुग्दा सङ्क्रमणकाल पनि गुज्रिसकेर प्रसारण संस्थाले पूर्ण रूपमा सार्वजनिक प्रसारणमा रूपान्तरण भई आमनागरिकका सबै सरोकारका विषयलाई सम्बोधन गर्न सक्ने प्रकृतिका समाचार/सूचना/कार्यक्रमलगायत अन्य सन्देशमूलक श्रव्य/दृश्य सामग्री मुलुकभर प्रसारण गर्न सक्ने र सार्वजनिक प्रसारणको सिद्धान्त अनुसार निष्पक्ष, तटस्थ सत्य/तथ्य, स्वार्थरहित र जनउत्तरदायी प्रसारकका रूपमा कार्य गर्न सक्ने अवस्थामा रूपान्तरण भइसकेको हुनु पर्दछ । यो समय भनेको सार्वजनिक प्रसारण संस्थाको योजना, नयाँ प्रविधि, सम्पत्ति परीक्षण, मानव संसाधन, श्रोता/दर्शक सम्बन्ध, कार्यक्रम परामर्श समिति, उजुरी/गुनासो सुनुवाइ संयन्त्र, नवीनतम बहुप्रविधि, सार्वजनिक सुनुवाइ, अनुसन्धान र विकास तथा सार्वजनिक प्रसारणका आवश्यक संयन्त्रहरूले पूर्ण रूपमा काम गर्न थालेको अवस्था हो ।

रेडियो नेपालको हालको अवस्था सार्वजनिक प्रसारणमा रूपान्तरण अन्तर्गत रेडियो नेपाल अहिले पूर्वतयारीको अवस्थामा छ । यो संस्था वर्तमानमा विकास समिति ऐन, २०१३ अन्तर्गत रेडियो प्रसार सेवा विकास समिति गठन आदेश २०४१ सालबाट सञ्चालित हुँदै आएको छ । रोडियो नेपाल सार्वजनिक प्रसारण संस्था उन्मुख छ भन्ने विभिन्न आधार छन् । जस्तै : सार्वजनिक प्रसारणको पहिलो आधार भनेको शतप्रतिशत पहुँच हुनु हो, जसमा हाल रेडियो नेपालले ९३ प्रतिशत जनतामा प्रसारण पहुँच पुऱ्याएको अवस्था छ । त्यस्तै सार्वजनिक प्रसारण संस्थाले विविधतापूर्ण सामग्री (चाख/स्वादका हिसाबले) प्रसार गर्नुपर्ने हुन्छ, जुन रेडियो नेपालले पनि गर्दै आएको छ ।

यद्यपि यो पर्याप्त छैन । सरकारको विकास समिति भएका नाताले वर्तमान अवस्थामा सार्वजनिक प्रसारकका रूपमा रेडियो नेपालले पूर्णतः स्वार्थरहित भएर प्रसारण सामग्री उत्पादन तथा प्रसारण गर्नमा कठिनाइ पनि देखिएका छन् । जे भए पनि रेडियो नेपालले ७० देखि ८० प्रतिशत सामग्री सार्वजनिक महत्व र राष्ट्रिय दायित्वका विषयमा उत्पादन र प्रसारण गर्दै आएको छ । आगामी दिनमा निर्माण हुने सार्वजनिक प्रसारणको मिश्रित वित्तीय स्रोत मोडेलमा यसले सहजै काम गर्न सक्ने देखिन्छ । यसका अलावा सार्वजनिक प्रसारणका लागि आवश्यक प्राविधिक पूर्वाधारहरू देशैभरि रहेका छन् ।

सालबसाली नेपाल सरकारबाट प्राप्त कर्मचारीको तलबभत्ता र विभिन्न कार्यक्रमका लागि अनुदान रकम र रेडियो नेपालको आफ्नै विज्ञापन, व्यवसाय र अन्य आम्दानीबाट प्राप्त रकमसमेत गरी यसको सञ्चालन/व्यवस्थापन हुँदै आएको देखिन्छ तर सार्वजनिक प्रसारण भइसकेपछि भने राज्य कोषबाट प्राप्त रकम (कुनै सेवा शुल्क वा करबाट प्राप्त रकम) तथा मिश्रित वित्तीय स्रोतबाट सञ्चालन भएको खण्डमा सार्वजनिक प्रसारण संस्था आफैँले कल्याणकारी विज्ञापन व्यवसाय र अन्यबाट प्राप्त रकममार्फत सार्वजनिक प्रसारण सेवाको सञ्चालन गर्नुपर्ने हुन आउँछ । मिश्रित वित्तीय स्रोतबाट सार्वजनिक प्रसारण सञ्चालन भएको खण्डमा राज्यकोषबाट ७० देखि ७५ प्रतिशत रकम र सार्वजनिक प्रसारण संस्था आफैँले २५ देखि ३० प्रतिशत रकम आम्दानी गरी सञ्चालन गर्न सकिने सम्भावना रहन्छ ।

रेडियो नेपालले हाल सञ्चालनमा ल्याएको अनलाइन मार्केटिङ र परम्परागत विज्ञापन व्यवसायले पनि आगामी दिनमा सार्वजनिक प्रसारणमा रूपान्तरण हुँदा मिश्रित वित्तीय कोषबाट सञ्चालन हुनुपर्दा भविष्यमा गरिने डिजिटल मार्केटिङको पूर्वाधार हुन सक्ने देखिन्छ । सार्वजनिक प्रसारणमा हुनुपर्ने अर्को विशेषता भनेको अल्पसंख्यक, लोपोन्मुख पिछडिएको वर्ग, जाति, भाषा, क्षेत्र, संस्कृति आदिको पहिचान, संरक्षण र संवर्धन गर्ने खालका कार्यक्रम प्रसारण पनि मुख्य हो, जुन कुरा रेडियो नेपालले आफ्ना नियमित कार्यक्रममा समावेश गर्दै आएको छ । अझ भाषाको संरक्षण र विकासका लागि त हालसम्म २२ भाषामा समाचार र २१ विभिन्न भाषामा कार्यक्रम र गीत सङ्गीतसमेत उत्पादन गरी प्रसार भइरहेको कारण सार्वजनिक प्रसारणका पूर्वाधारहरू रेडियो नेपालले निर्माण गर्दै लगेको पाइन्छ ।

अन्त्यमा रेडियो नेपाल आगामी दिनमा सार्वजनिक प्रसारण संस्थाका रूपमा रूपान्तरण हुन तम्तयार र आवश्यक पूर्वतयारीका साथ अगाडि बढिरहेको छ । संघीय संसद्‌बाट सार्वजनिक प्रसारणसम्बन्धी ऐन जारी भएपछि गर्नुपर्ने भावी क्रियाकलापको व्यग्र पर्खाइमा पनि छ । विश्वास छ, यस पुनीत कार्यमा ऐनकानुन निर्माणमा संलग्न जनप्रतिनिधिदेखि सरकार र सरोकारवाला सबैमा एउटा स्वायत्त, जनउत्तरदायी र पारदर्शी मिश्रित वित्तीय स्रोतमा आधारित सार्वजनिक प्रसारण संस्था बनाउने कार्यमा यथाशीघ्र पहल गर्ने जोश, जाँगर र उत्साह जागोस् ।

# विश्व अटिजम सचेतना दिवसमा र्‍याली

बिर्तामोड(प्रस)। अप्रिल २ अर्थात 'विश्व अटिजम सचेतना दिवस' झापाको बिर्तामोडमा पनि मनाइएको छ । न्याय र विकासका लागि सामाजिक सञ्जाल (एसएनजेडी) को संयोजनमा सचेतना दिवस मनाइएको हो ।

अटिजमबारे सचेतना जगाउने र यसको बारेमा अधिकतम् मानिसहरुमा जानकारी दिने उद्धेश्यले र्‍यालीसहितको कार्यक्रम आयोजना गरिएको एसएनजेडीका कार्यक्रम संयोजक कुमार चुडालले जानकारी दिए । हनुमान कम्प्लेक्सबाट शुरु भएको र्‍याली वान स्टप मलबाट पूर्वमा इलाका प्रहरी कार्यालयबाट पुनः हनुमान कम्प्लेक्स अगाडी आएर कोणसभामा परिणत भएको थियो । र्‍यालीमा करिब १५० जना सहभागी थिए ।




कोणसभालाई सम्बोधन गर्दै बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले अटिजम कुनै रोग नभई मस्तिष्क विकासको एउटा अवस्था भएको भन्दै सानै उमेरमा यसको पहिचान गर्नसके थेरापीको माध्यमबाट उनीहरुको जीवनयापनमा सहजता ल्याउन सकिने बताए । बालबालिकाको पढ्न पाउने अधिकारको सम्मान गर्दै बिर्तामोड नगरपालिकाले बिर्ताबजार स्थित महेन्द्र रत्न माविमा अटिजम स्रोतकक्षा सरोकारवाला निकायसँग समन्वय गरी सञ्चालन गरिरहेको उनले जानकारी दिए । उनले उक्त स्रोतकक्षाको स्तरवृद्धिका लागि पालिकाले थप सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे । र्‍यालीमा सहभागीहरुलाई अटिजमको बारेमा अधिकतम प्रचार गर्न उनले आग्रह गरे ।

एसएनजेडीका कार्यक्रम संयोजक चुडालले धेरै अभिभावकहरुले अटिजमको बारेमा थाहा नपाउँदा बालबालिकाको अवस्था जटिल बनिरहेको बताए । सानै उमेरमा अटिजमको बारेमा जानकारी पाएमा विभिन्न थेरापीको माध्यमबाट उनीहरुको जीवनयापनमा सहजता ल्याउन सकिने भन्दै यसको व्यापक प्रचार प्रसारको आवश्यकता रहेको उनले बताए । कार्यक्रममा सहभागी इकम कलेज, मनकामना कलेज, आदर्श स्कुल अफ होटल म्यानेजेमेन्टका विद्यार्थी तथा विद्यालयका प्रतिनिधिलगायत सम्पूर्ण सहभागीहरुलाई उनले धन्यवाद दिए ।

कार्यक्रममा सहभागीहरुले विभिन्न नारा लेखिएको प्लेकार्ड तथा व्यानर प्रदर्शन गरेका थिए ।अभिभावकहरुले अटिजमको थिम तथा नारा उल्लेखित टीसर्ट लगाएका थिए ।कार्यक्रममा अटिजम भएका बालबालिका, अभिभावक, विभिन्न संघ संस्थाका प्रतिनिधि, कलेजका विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

त्यस्तै एसएनजेडीले सञ्चालन गरिरहेको प्यारेन्ट चाइल्ड ट्रेनिङ सेन्टर र महेन्द्र रत्नमाविको अटिजम स्रोत कक्षामा भएका बालबालिका तथा अभिभावकहरुबिच सचेतना कार्यक्रम समेत सम्पन्न गरेको छ । अटिजम भएका बालबालिका तथा अभिभावकहरुले विभिन्न नारा र सचेतना लेखिएको प्लेकार्ड प्रदर्शन तथा अटिजमको थिम निलो रङ भएको मैनवत्ती बालेका थिए ।

अप्रिल महिना अटिजम सचेतना महिना भएकाले एसएनजेडीले अष्ट्रेलियन दूतावाससँगको सहकार्यमा बिर्तामोडको भाटभटेनी सुपरमार्केट,वान स्टप मल, हनुमान कम्प्लेक्स, विभिन्न कलेजहरुमा अटिजमका लक्षण तथा विभिन्न सचेतनामूलक जानकारी उल्लेखित स्टेण्ड बोर्ड राखेको छ । उक्त बोर्डमा फोटो खिचेर सामाजिक सञ्जालमा पोष्ट गर्दा बढी लाइक, शेयर तथा कमेन्ट प्राप्त गर्ने पोष्टलाई क्रमशःचार हजार, तीन हजार र दुई हजार रुपैँया पुरस्कार प्रदान गरिने एसएनजेडीका कार्यक्रम अधिकृत रञ्जन धमलाले जानकारी दिए । यो महिनाभर अटिजम सचेतनामुलक विभिन्न पोष्टर तथा पर्चाहरु समेत वितरण गरिने धमलाले बताए ।

# लोकतन्त्रवादी आदिबासी महासंघको प्रदेश अधिवेशन स्थगित

बिर्तामोड(प्रस)। नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल लोकतन्त्रवादी आदिबासी/जनजाति महासंघको कोशी प्रदेश अधिवेशन स्थगित भएको छ ।

यही चैत २६ र २७ गते झापाको बिर्तामोडमा सो अधिवेशन हुने कार्यक्रम रहेको थियो । महासंघका केन्द्रीय सदस्य एवं कोशी प्रदेश संयोजक विश्वदीप लिङ्देनले मंगलवार एक विज्ञप्ति जारी गरी आगामी बैशाख १५ गते इलाम २ मा हुन लागेको उपनिर्वाचनमा दृढतापूर्वक खटिनुपर्ने भएकाले महासंघको प्रदेश अधिवेशन स्थगित गर्नुपरेको जनाएका छन् ।

उपनिर्वाचनमा जीत हासिल गर्न कांग्रेसले सम्पूर्ण शक्ति लगाउने जनाएको छ । यद्यपि अरु दलहरुले उम्मेदवार घोषणा गरेर चुनावी घरदैलो गरिरहँदा कांग्रेसले उम्मेदवारको टुंगो लगाउन सकेको छैन ।

बिर्तामोड नगर अस्पताल
उपलब्ध सेवाहरू
बाल रोग विशेषज्ञ सेवा
शनिबार बाहेक हरेक दिन
बिहान १० बजेदेखि १२ बजेसम्म
नि:शुल्क नर्मल डेलिभरी सेवा
(प्रसूति सेवा)
हरेक दिन, २४ सै घण्टा
मानसिक, नसा तथा टाउको रोग विशेषज्ञ
दैनिक १२ बजेदेखि २ बजेसम्म
स्त्री तथा प्रसूति रोग विशेष
दैनिक १ बजेदेखि ४ बजेसम्म

- भिडियो एक्स–रे
- एक्स–रे
- इसीजी
- २४ घण्टे इमरजेन्सी सेवा (सञ्चालनको तयारीमा)
- डाइलोसिस सेवा (सञ्चालनको तयारीमा)
- गर्भवती जाँच सेवा
- रेविजविरुद्ध भ्याक्सिन
- परिवार नियोजन सेवा
- पाठेघरको मुखको क्यान्सर जाँच
- नि:शुल्क सुरक्षित गर्भपतन सेवा
- बच्चाहरुमा हुने कुपोषण जाँच तथा व्यवस्थापन
- नसर्ने रोगको जाँच
- किटजन्य कोभिडको निशुल्क जाँच
- खोप कार्यक्रम
- निरोगिता प्रमाणपत्र दिने

नेपाल सरकारबाट तोकिएका ९८ प्रकारका औषधिको नि:शुल्क वितरण, विशेषज्ञ डाक्टरबाट दैनिक ओपीडी तथा परामर्श सेवा उपलब्ध छ ।
बिर्तामोड नगर अस्पतालमा स्वास्थ्य बीमा सेवा सञ्चालनमा छ ।



## सहकारी...

आयोजित सहकारी दिवसमा मन्तब्य राख्दै उनले खाएको ऋण नतिर भन्नु अराजकता भएको प्रष्ट्याएका छन् । 'बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर नतिरी बस्नु इतिहासको गम्भीर गल्ती हुनेछ, त्यो ऋण कुनै पनि बेला आफैंले वा परिवार वा सन्तान दर सन्तानले तिर्नै पर्छ' मन्त्री गिरीले भने, 'आज ऋण नतिर भन्नेहरु त्यतिबेलासम्म यो धर्तीमा नै भेटिन्नन् ।' नेपाली अर्थतन्त्रमा सहकारीलाई एउटा दर्बिलो खम्बा मानिएको प्रष्ट्याँदै मन्त्री गिरीले भने, 'सहकारी कमजोर भयो भने नेपालमा निरपेक्ष गरिबी भोगिरहेका जनता भोकभोकै पर्ने छन् ।' उनले सहकारीमाथिको आक्रमण निमुखा जनतालाई भोकै राख्ने चलखेलमात्रै भएको बताए । सुशासन र समृद्धिमा वर्तमान सरकार प्रतिवद्ध रहेको प्रष्ट पार्दै मन्त्री गिरीले आफ्नो तर्फबाट सकेसम्म धेरै योगदान गर्ने विश्वास दिलाए । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न सहकारी अभियान सार्थक अभ्यास भएको बताउँदै मन्त्री गिरीले सहकारीको सुरक्षामा उत्पन्न हुने कानूनी झन्झट र समस्याहरु निराकरण गर्न सरकार प्रतिवद्ध रहेको जनाए ।

सहकारीको सुरक्षाका लागि अपिल गरिएका प्लेकार्डसहित १०औं हजार सहकारीकर्मीले बिर्तामोड नगर परिक्रमापछि जनसभाका लागि सिटी सेन्टर पुगेका थिए । सो अवसरमा ग्लोबल लिङ्कद्वारा घोषित नेपालको सबैभन्दा ठूलो सहकारी संस्था सहारा नेपाल साकोस लि., दोस्रो ठूलो संस्था नेपाल बहुउद्देश्यीय सहकारी र नवौं स्थानमा रहेको कर्णाली साकोसका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतहरुलाई सम्मान गरिएको थियो । सहारा नेपाल साकोसका अध्यक्ष हरिबहादुर राजवंशी र प्रमुख कार्यकारी अधिकृत महेन्द्रकुमार गिरी, नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष ठाकुरप्रसाद शिवाकोटी र प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेती तथा कर्णाली साकोसका अध्यक्ष टसबहादुर श्रेष्ठ र कार्यकारी प्रमुख कुमार याक्सोलाई प्रमुख अतिथि गिरीले दोसल्ला ओढाएर सम्मान गरेका थिए । झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालको अध्यक्षतामा भएको कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष महेन्द्रकुमार गिरीले स्वागत गरेका थिए ।

सो समारोहमा राष्ट्रिय सहकारी महासंघका निवर्तमान अध्यक्ष मिनराज कँडेललाई पूर्वघोषित सहकारी राष्ट्रिय व्यक्तित्व सम्मान तथा पुरस्कार हस्तान्तरण गरिएको थियो । समारोहमा सम्मानित व्यक्तित्व कँडेलसहित बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, नेकपा एमाले झापाका नवनिर्वाचित अध्यक्ष प्रेमबहादुर गिरी र नेकपा (माओवादी केन्द्र) झापाका अध्यक्ष राजु आचार्य (अग्नि) लगायतले सहकारी संस्थालाई व्यवस्थित गर्दै लानुपर्नेमा जोड दिएका थिए ।सोही अवसरमा जिल्ला संघले हरेक वर्ष प्रकाशन गर्ने सहकारी स्मारिकासमेत विमोचन गरिएको थियो । कार्यक्रमको सञ्चालन संघका सचिव भवानीप्रसाद दंगालले गरेका थिए । तथ्याङ्क अनुसार झापामा ७५६ वटा सहकारी संस्था छन् । जसमध्ये स्थानीय तहले नियमन अधिकार राख्ने ४२३ वटा र प्रदेश सरकारले नियमन गर्ने ३३३ वटा सहकारी संस्थाहरु सञ्चालनमा छन् । जहाँ ६ हजार १०० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

# मेचीनगरमा अजंगको अजिंगर भेटियो




मेचीनगर(प्रस)। झापाको मेचीनगर-७ सतिघट्टामा ९ फिट लामो अजिंगर फेला परेको छ।

मेची चरा तथा वन्यजन्तु संरक्षण समाजका अध्यक्ष देवेन्द्र खरेलको नेतृत्वमा अजिंगरको उद्धार गरी बुद्धशान्ति-५ स्थित पाँचपोखरी सामुदायिक वनमा लगेर छाडिएको छ । उक्त वयस्क अजिंगर लगभग १० केजी तौलको रहेको छ । चियाबगानमा अजिंगर फेला परेपछि सतिघट्टाका स्थानीय सोम लुइँटेलले खबर गरेको समाजका अध्यक्ष खरेलले बताए ।

# एउटै टोलबाट मोटरसाइकल र ६ वटा मोबाइल चोरी

राजगढ(प्रस)।झापाको बाह्रदशी २ रिमाल चौकको एउटै टोलबाट



एउटा मोटरसाइकल र ६ वटा मोबाइल चोरी भएको छ । सोमवार राति ध्रुव निरौलाको घरबाट मे ९ प ८१४ न. को सुपर स्प्लेन्डर मोटरसाइकल र एउटा मोबाइल चोरी भएको हो । निरौलाको घरमा पाहुना आएका पुजन मिश्रको मोटरसाइकल र मोबाइल चोरी भएको हो । त्यस्तै निरौलाका छिमेकी गणेश पाण्डेको घरबाट दुईवटा र सविता बानियाको घरबाट तीनवटा मोबाइल चोरी भएको बाह्रदशी ३ का जनप्रतिनिधि लक्ष्मी निरौला अधिकारीले बताइन् । उनका अनुसार घटनाबारे इलाका प्रहरी कार्यालय राजगढमा जानकारी गराइएको छ ।

# प्रादेशिक अस्पतालको स्तरबृद्धिको माग

भद्रपुर(प्रस)। भद्रपुरस्थित प्रादेशिक अस्पतालको स्तरबृद्धि तथा नामकरण सच्याउन माग गर्दै भद्रपुर नगरपालिकाले कोशी प्रदेश सरकारलाई ध्यानाकर्षणपत्र बुझाएको छ ।

नगर प्रमुख गणेश पोखरेलको नेतृत्व टोलीले कोशी प्रदेशका स्वास्थ्यमन्त्री प्रदीपकुमार सुनुवारलाई अस्पतालको स्तरबृद्धि तथा नामकरण सच्याउन प्रदेश सरकारलाई ध्यानाकर्षण गराएको हो ।

ध्यानाकर्षणपत्रमा कोशी प्रदेशको एक मात्र प्रादेशिक अस्पतालको रूपमा रहेको सो अस्पतालको नाम मेची प्रादेशिक अस्पताल रहनु पर्ने तथा विपन्न नागरिकका सन्तानले पनि मेडिकल अध्ययन गर्ने वातावरण निर्माण गर्न मेडिकल कलेजका रूपमा स्तरबृद्धि गरिनुपर्ने

❖ बाँकी अन्तिम पृष्ठमा

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** — आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** — धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** — आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** — सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** — रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** — आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** — हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** — आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** — आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** — आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** — आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।